# दिक्तेल बहुमुखी क्याम्पसमा छात्राको तुलनामा
# छात्रहरूको सङ्ख्या कम हुनुको
# कारण सम्बन्धी अध्ययन

त्रिभुवन विश्वविद्यालय

दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल, खोटाङ

अनुसन्धान व्यवस्थापन समितिको आयोजनामा आधारित रही

तयार पारिएको दिक्तेल बहुमुखी क्याम्पसको अनुसन्धान प्रतिवेदन


अनुसन्धान कर्ता

सहायक-प्राध्यापक श्री लिला बहादुर खत्री



**त्रिभुवन विश्वविद्यालय, दिक्तेल बहुमुखी क्याम्पस**

**अनुसन्धान व्यवस्थापन समिति**

**दिक्तेल, खोटाङ**

**२०८१**

## स्वीकृति पत्र

यस दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल खोटाङको अनुसन्धान व्यवस्थापन समितिद्वारा निर्देशित तथा छनौट गरिएको ' दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलमा छात्राको तुलनामा छात्रहरूको संख्या कम हुनु ' भन्ने शीर्षकमा यस दिक्तेल बहुमुखी क्याम्पसको सहायक प्राध्यापकको संलग्नतामा तयार पारिएको कारण अनुसन्धान प्रतिवेदन यस दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल खोटाङको अनुसन्धान व्यवस्थापन समिति समक्ष स्वीकृतिका लागि पेश गर्दछु ।

अनुसन्धान कर्ता

सहायक प्राध्यापक श्री लिला बहादुर खत्री

संयोजक श्री कृष्ण बहादुर राई

अनुसन्धान व्यवस्थापन समिति

दिक्तेल बहुमुखी क्याम्पस

**कृतज्ञता ज्ञापन (Acknowledgement)**

त्रिभुवन विश्वविद्यालयबाट संबन्धन प्राप्त दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलमा छात्राको तुलनामा छात्रको संख्या कम हुनुको कारणको अध्ययन दिक्तेल बहुमुखी क्याम्पस अनुसन्धान व्यवस्थापन समितिको आयोजनामा आधारित अनुसन्धान प्रतिवेदन तयार पारिएको छ ।

खोटाङ जिल्लाको उच्च शैक्षिक संस्थाहरूमा सबैभन्दा पुरानो, धेरै शैक्षिक कार्यक्रमहरू संचालन भइरहेको विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता प्रत्यायन प्रमाण-पत्र प्राप्त दिक्तेल बहुमुखी क्याम्पसका प्राध्यापक तथा विद्यार्थीहरू समेतलाई अनुसन्धानको माध्यमबाट विषयवस्तुको ज्ञान प्रदान गर्नु एक महत्त्वपूर्ण विधिको रूपमा प्रयोग गरी अनुसन्धानमा लाग्न उत्प्रेरित गर्ने गरिन्छ सोही अनुरूप यस क्याम्पसको अनुसन्धान व्यवस्थापन समितिका संयोजक अति आदरणीय व्यक्तित्व सहायक क्याम्पस प्रमुख सह प्राध्यापक श्री कृष्ण बहादुर राईप्रती हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दछु । यस अवसरबाट लाभान्वित गराइदिनु हुने क्याम्पस प्रमुख श्री हिराकुमार राई सहायक क्याम्पस प्रमुख श्री हर्कवीर राई अनुसन्धान व्यवस्थापन समितिका सम्पूर्ण सदस्यज्यूहरू भाषा सम्पादनमा सहयोग गर्नुहुने यस क्याम्पसका सह प्राध्यापक श्री रामप्रसाद राई,सहायक प्राध्यापक श्री नईन्द्र कुमार खत्री, प्राध्यापक सरहरू, उक्त अनुसन्धानलाई मूर्त रूप दिन सहयोग पुऱ्याउनुहुने उत्तरदाता, विद्यार्थी, कर्मचारी तथा अभिभावक साथै कम्प्युटर टाइपिङ लगायतका कार्यमा सहयोग गर्ने भाइ अनिल दाहाल लगायत सम्पूर्ण सरोकारवाला व्यक्तिहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**सार (Abstract)**

*नेपालको २०७८ को जनगणना अनुसार कुल जनसङ्ख्या २९१६४५७८ को ४८.९८ प्रतिशत ( १४२५३५५१) पुरुष तथा ५१.०२ प्रतिशत (१४९११०२७) महिला रहेको केन्द्रीय तथ्याङ्क कार्यालयको अभिलेखमा उल्लेख छ । लैङ्गिक अनुपात ९५.५९ रहेको तथ्याङ्कबाट प्रतिसय महिलामा हुन आउने पुरुषको संख्या औषत ९५ जना हुन्छ । खोटाङ जिल्लाको दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूमा उक्त अनुपात सोभन्दा फरक देखिएका कारण उक्त विषयमा अनुसन्धान गरी प्राप्त तथ्याङ्कले यस क्याम्पसमा ६८.२८ प्रतिशत छात्रा रहँदा ३१.७२ प्रतिशत छात्र रहेका छन । त्यसैले अध्ययनको नतिजा अनुसार अध्ययनमा सहभागी मध्ये ८१ प्रतिशतले यस क्याम्पसको गतिविधिलाई उपयुक्त ठानेका छन् । जिल्लाभन्दा बाहिरका अन्य क्याम्पसमा विद्यार्थीहरूमा ५२ प्रतिशत छात्र रहेको अवस्थामा ४८ प्रतिशत छात्रा रहेका छन् त्यसैगरी अनुसन्धान क्षेत्रका बिदेशमा अध्ययन गर्नजाने १४ प्रतिशत विद्यार्थी मध्ये ८० प्रतिशत छात्र र २० प्रतिशत  छात्रा रहेका छन् यस क्षेत्रमा ८४ प्रतिशत कृषि, ७ प्रतिशत व्यापार, ३ प्रतिशत सरकारी रोजगारी र ६ प्रतिशत मानिस विविध पेसामा संलग्न रहेका छन् । शिक्षा आर्जन गर्ने उमेरका ४० प्रतिशत युवा रोजगारीका लागि विदेश जाने गरेको तथ्याङ्क छ भने यस क्याम्पसमा ३५ प्रतिशतले प्राविधिक शिक्षाको माग राख्दा ४८ प्रतिशतले गुणस्तरीयतामा जोड दिनुपर्ने विचार राख्नु भएको तथ्याङ्क छ ।*

# Table of Contents


अध्याय : एक ( Chapter : One) ........ 1

१. परिचय (Introduction) ........ 1

१.१ अध्ययनको पृष्ठभूमि (Background of the study) ........ 1

१.२ समस्याको कथन (Statement of problem) ........ 2

१.३ अध्ययनको उद्देश्य (Objective of the study ) ........ 4

१.४ अध्ययनको सान्दर्भिकता (Rationale of the study) ........ 4

१.५ अध्ययनको महत्त्व ( Signficance of the study ) ........ 4

१.६ अध्ययनका सीमाहरू ( Limitation of the study ) ........ 5

अध्याय : दुई ( Chapter: Two ) ........ 6

२. सम्बन्धित साहित्यको पुनरावलोकन ( Review of the related literature) ........ 6

Source:- IEMIS 2080 Diktel Campus ........ 12

अध्याय : तिन (Chapter -3) ........ 13

३. अनुसन्धान पद्धति (Research Methodology) ........ 13

३.१ अनुसन्धान विधि (Research Method) ........ 13

३.२ अनुसन्धान ढाँचा (Research Design) ........ 13

३.३ तथ्याङ्कका स्रोतहरू (Data Sources) ........ 13

३.४ अध्ययनको जनसंख्या (Study Population) ........ 14

३.५ नमूना छनौट प्रक्रिया (Sampling Procedure) ........ 14

३.६ तथ्याङ्क संकलनका साधनहरू (Tools of data collection) ........ 14

३.७ तथ्याङ्क संकलनका साधनको विश्वसनियता एवं वैधता (Validity and rehability of data collection tools) ........ 14

३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया र व्याख्या (Data analysis procedure and description) ........ 15

अध्याय : चार (Chapter : Four) ........ 16

४. तथ्याङ्कको विश्लेषण ........ 16

४.१ परिवारको संख्याको आधारमा विश्लेषण ........ 16

४.२ परिवारको सदस्य संख्याको आधारमा महिलाको विश्लेषण ........ 17

४.३ परिवारको सदस्य संख्याको आधारमा पुरुषको विश्लेषण ........ 18

४.४ पेसागत आधारमा घरधुरीको विश्लेषण ........ 19

४.५ परिवारमा अध्ययनरत सदस्यको विश्लेषण तालिका ........ 20

४.६ परिवारका अध्ययनरत सदस्य मध्ये यस क्याम्पसमा अध्ययनरत विद्यार्थीको विश्लेषण ........................................ 21
४.७ दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत छात्राको विश्लेषण........................................................................ 22
४.८ दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत छात्रहरूको विश्लेषण .................................................................. 23
४.९ अन्य क्याम्पसमा अध्ययनरत विद्यार्थीको विवरण......................................................................................... 24
४.१० खोटाङ जिल्लामा बसोबास गरी दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीको विश्लेषण.............................. 25
४.११ सर्वेक्षणमा सहभागी मध्ये अध्ययनको लागि विदेश जाने विद्यार्थीको विश्लेषण.................................................. 26
४.१२ विदेशमा गई अध्ययन गर्ने विद्यार्थीको लैङ्गिक विश्लेषण ........................................................................ 27
४.१३ खोटाङ जिल्लाबाट अध्ययनका लागि अन्यत्र जानुको कारण सम्बन्धी विश्लेषण ................................................ 28
४.१४ विद्यार्थीले दिक्तेल बहुमुखी क्याम्पस अध्ययन गर्नुको कारणको विश्लेषण ..................................................... 29
४.१५ दिक्तेल बहुमुखी क्याम्पसमा छात्रको तुलनामा छात्राहरूको संख्या बढी हुनुको कारणको विश्लेषण ........................... 30
४.१६ दिक्तेल बहुमुखी क्याम्पसप्रतिको दृष्टिकोणको विश्लेषण ........................................................................ 31
४.१७ दिक्तेल बहुमुखी क्याम्पसमा लैङ्गिक अनुपात बनाउन शिक्षालाई कसरी अगाडि बढाउनु पर्छ भन्ने विषयको विश्लेषण ... 32
४.१८ दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीको पारिवारिक शैक्षिक अवस्थाको विश्लेषण ................................ 33
अध्याय -पाँच (Chapter Five) ............................................................................................................ 34
५. निष्कर्ष तथा सुझाव ................................................................................................................... 34
५.१ निष्कर्ष...................................................................................................................................... 34
५.२ सुझाव (Suggestion) .................................................................................................................. 34
सन्दर्भ ग्रन्थ (Reference) ................................................................................................................. 36
प्रश्नावली....................................................................................................................................... 37

# अध्याय : एक ( Chapter : One)

## १. परिचय (Introduction)

यो अनुसन्धान खोटाङ जिल्ला दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. २ मा अवस्थित दिक्तेल बहुमुखी क्याम्पसको एक समस्याको रूपमा अनुसन्धान कर्ताले बढाएता पनि यो समस्या एउटा क्याम्पस, समुदाय, राष्ट्र र विश्वको समस्या हुन सक्छ किनकि के कारणबाट देशमा रहेका युवाहरू उच्च शिक्षा लिनबाट बन्चित भएका छन् त्यो समस्या युवा स्वयम्ले सृजना गरेका हुन् ? कि त्यो समस्या कुनै समुदायबाट भएको हो ? वा राज्यको कमी कमजोरीका कारण युवाहरू  उच्च शिक्षा हाँसिल गर्नबाट रोकिएका छन् ? के उच्च शिक्षा आर्जन नगरी व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वको विकास सम्भव छ ? यी र यस्ता प्रश्नहरू को उत्तर खोज्न नितान्त आवश्यक भएको ठहर गरी हाल दिक्तेल बहुमुखी क्याम्पसमा छात्राको तुलनामा छात्रहरूको संख्या कम देखिनुको कारण पत्ता लगाइ त्यसको निराकरणका उपायको खोजी गर्न यो अनुसन्धान गरिएको हो।

## १.१ अध्ययनको पृष्ठभूमि (Background of the study)

विश्वका विभिन्न देशहरूको तुलनामा हाम्रो देश नेपालको अवस्थालाई नियालेर हेर्ने हो भने अत्यन्त कम व्यक्ति मात्र शिक्षित भएको पाइन्छ । २०७८सालको जनगणना अनुसार ७६.६ प्रतिशत साक्षरता दर रहेको छ । यो यथार्थ पनि हो । अधिकांश जनताहरू  विभिन्न क्षेत्रसँग सम्बन्धित अत्यावश्यक सैद्धान्तिक तथा व्यवहारिक ज्ञान लगायत धेरै कुराबाट वञ्चित रहेको पाइन्छ । त्यसैले समुदायमा रहेका हरेक सदस्यहरू  स्वास्थ्य तथा शिक्षा संरक्षणका लागि सबैभन्दा पहिला उनीहरूको परिवारमा परिवार सङ्ख्या कम छ वा बढी त्यस सम्बन्धी विचार पुऱ्याउनु पर्छ । नेपाल एक बहुजातीय, बहुभाषिक तथा धर्म निरपेक्ष देशको रूपमा रहेको छ । यस राष्ट्रको एकीकरण पश्चात पृथ्वी नारायण शाहले उनका सहयोगी तथा उत्तराधिकारीलाई आफ्नो जीवनको अन्तिम समयमा आएर राष्ट्रिय एकतालाई अमर बनाइराख्न दिएको "नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो" भन्ने उपदेशबाट नै प्रमाणित भइसकेको छ । नेपाल राज्यको एकीकरणको समयदेखी नै यो मुलुकमा धेरै जातजातिका मानिसह;ु एउटै बगैंचाका फूलका रूपमा बसोबास गर्दै आएका छन् । १,४७,६४१.२८ वर्ग कि.मि. (५६८२७ वर्ग माइल) क्षेत्रफलमा फैलिएको छ https://www.ratopati.com । नेपालमा २०७८ सालको जनगणना अनुसार २,९१,६४,५७८ मानिसहरूको बसोबास रहेको छ । जुन जनगणनामा १४२ भन्दा बढी जातिका मानिसहरू  रहेका देखिन्छन् https://ne.wikipedia.org and https://www.onlinkhabar.com । यस सम्प्रदाय भित्र पनि धेरै जातजाति र धर्मका मानिसहरू  हुने हुँदा यस प्रकारको जनसङ्ख्याको विवरणका तथ्याङ्क सङ्कलन गर्न कठिन हुने कुरा स्पष्ट हुन्छ ।

त्यस्तै नेपालको हालसम्मको जनसङ्ख्यालाई तुलनात्मक हिसाबले हेर्दा नेपालमा वि.सं. २०४८ सालमा लिएको नवौं जनगणनादेखि जातीय विविधताको पहिचान गर्न जातजाति सम्बन्धी तथ्याङ्क सङ्कलन गर्न थालिएको हो । त्यस्तै २०५८ सालमा लिएको जनगणनामा नेपालमा स्पष्ट खुलेका १०० जातजातिको विवरण लिइएको थियो । त्यस्तै हाल अहिले आएर २०६८ सालको जनगणना अनुसार नेपालको जनसङ्ख्या २,६४,९४,५०४ पुगेको छ । विगत १० वर्षको सरदर वार्षिक १.९९% रहेको थियो । त्यस्तै घर तथा परिवार सङ्ख्यालाई हेर्दा २०६८ सालको जनगणना अनुसार जम्मा ४७,६७,११९६ वटा

घर/भवन तथा आवासीय संरचना देखिएको छ । ती घर वा आवासीय संरचनामा जम्मा २०६८ सालमा ५६,५९,९०४ परिवार बसोबास गरेको देखिन्छ । दश वर्षअघि परिवार सङ्ख्या ४२,५३,२२० थियो । यस प्रकार विगत दश वर्षमा कुल १४,०६,७६४ परिवार थप भएको देखिन्छ । त्यस्तै २०६८ मा घर र परिवारको अनुपात १००:११९ रहेको छ । जसको अर्थ प्रत्येक १०० वटा घर वा आवासीय संरचनामा ११९ परिवारहरू बसोबास गर्दछन् भने २०७८ सालको जनगणना अनुसार ६६,६६,९३७ घरधुरी रहेका छन् जसमा १००:१२० घर परिवार बसोबास गर्दछन् https://censusnepal.cbs.gov.np।

थपलियाको २०१९,त्यस्तै अहिले आएर २०६८ सालको जनगणना अनुसार नेपालको जनसङ्ख्या २,६४,९४,५०४ पुगेको छ । विगत १० वर्षको सरदर वार्षिक १.९९% रहेको थियो । त्यस्तै घर तथा परिवार सङ्ख्यालाई हेर्दा २०६८ सालको जनगणना अनुसार जम्मा ४७,६७,१९६ वटा घर/भवन तथा आवासीय संरचना देखिएको छ । ती घर वा आवासीय संरचनामा जम्मा २०६८ सालमा ५६,५९,९०४ परिवार वसोवास गरेको देखिन्छ । दश वर्षअघि परिवार सङ्ख्या ४२,५३,२२० थियो । यस प्रकार विगत दश वर्षमा कुल १४,०६,७६४ परिवार थप भएको देखिन्छ । त्यस्तै २०६८ मा घर र परिवारको अनुपात १००:११९ रहेको छ । जसको अर्थ प्रत्येक १०० वटा घर वा आवासीय संरचनामा ११९ परिवारहरू बसोवास गर्दछन्। (2019, pp.1-5)

नेपाल आर्थिक रूपमा विपन्न र गरिब राष्ट्र भएकाले सबै कुरामा पछि परेको छ । शिक्षा, स्वास्थ्य शिक्षा तथा रोजगार जस्ता कुराले पछि परेका कतिपयलाई गास, वास र कपासको व्यवस्था मिलाउन पनि धौ-धौ परिरहेको छ । २१ औं शताब्दीको अन्त्यतिर आइपुग्दा पनि नेपालमा अधिकांशको चेतनाको स्तर सन्तोषजनक छैन । शिक्षा जीवनको ज्योति मानिएता पनि शिक्षाको अभावमा अनेकौं समस्याहरू झेल्नु परेको छ । शिक्षा भनेको मानिसको व्यवहारमा आउने सकरात्मक परिवर्तन हो ।

विज्ञान र प्रविधिको युगमा आएर पनि मानव जगत्मा कतिपय समस्याहरू यथावत् रहेका छन् । जस्तै; गरिबी, बेरोजगारी, जनसङ्ख्या वृद्धि, स्वास्थ्य समस्या, अशिक्षा आदि । यसै क्रममा खोटाङ जिल्ला दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं.२ मा अवस्थित दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलमा छात्रको तुलनामा छात्राको सङ्ख्या बढी हुनुको कारण पहिचान सम्बन्धी अनुसन्धान गरी प्राध्यापक, विद्यार्थी, समुदाय तथा अन्य सरोकारवालाहरू मा यथार्थ विवरण प्रस्तुत गर्ने जर्मको गरिएको छ ।

### १.२ समस्याको कथन (Statement of problem)

समय परिवर्तनशील छ । विज्ञान र प्रविधिको कारणले मानिसको दैनिकीहरू सरल र सहज बन्दै गएको छ । त्यसैले धेरै अफठ्यारा कामहरू पनि सरल बन्दै गएको पाइन्छ तर विकसित देशहरुको तुलनामा नेपाल जस्ता विकासोन्मुख देशहरू अशिक्षा, गरिबी, बेरोजगार तथा अशिक्षा जस्ता कारणले अझै पनि विकासमा सोचेजस्तो उपलब्धि हाँसिल गर्न सकेको छैन । विश्व परिवेशमा हरेक काम रोबर्टद्वारा

सञ्चालन भइरहेको अवस्थामा हाम्रो जस्तो विकासोन्मुख देशमा सामान्य जीवन यापनको लागि समेत अरूमा निर्भर रहनुपर्ने अवस्था छ ।

नेपालको हालसम्मको जनगणनालाई हेर्दा सन् १९५२/५४ देखि २०११ सम्म नेपालको जनसङ्ख्यको लिङ्ग अनुपात अन्तर्गत सन् १९६१ को जनगणना सम्म पुरुष जनसङ्ख्या भन्दा महिला जनसङ्ख्या बढी थियो । सन् १९७१ र १९८१ मा भने महिला जनसङ्ख्या भन्दा पुरुष जनसङ्ख्या बढी पाइएको थियो । त्यस्तै १९९१ र २००१ को जनगणनामा पुरुष जनसङ्ख्या भन्दा महिला जनसङ्ख्या बढी देखिन्छ । सन् २०११ को जनगणनामा पुरुषको जनसङ्ख्या भन्दा महिलाको जनसङ्ख्या ७,९६,४२२ ले बढी पाइएको छ । (Yadava, 2011, p. 5)

सन् १९५२/५४ मा नेपालको कुल जनसङ्ख्यामा ४९.२% पुरुष र ५०.८% महिला रहेका थिए भने सन् १९६१ म ४९.३% र ५०.७% महिलाको हिस्सा रहेको थियो । त्यसपछि सन् १९७१ म ५०.३% पुरुष र ४९.७% महिला रहेका थिए । सन् १९८१ मा ५१.२% पुरुष र ४८.८% महिला रहेका थिए । सन् १९९१ र २००१ को जनगणनामा पुरुषको हिस्सा क्रमशः ४९.९% र ५०.०% रहेको देखिन्छ भने सोही जनगणना वर्षमा महिलाको हिस्सा क्रमशः ५०.१% र ५०.०% रहेको देखिन्छ । नेपालको २०६८ सालको जनगणना अनुसार कुल जनसंख्याको २६४९४५०४ को ४८.४९ प्रतिशत (१२८४९०४१) पुरूष तथा ५१.५१ प्रतिशत (१३६४५४६३) महिला र लैङ्गिक अनुपात ९४.१६ रहेको केन्द्रीय तथ्याङ्क विभागको रेर्कडमा पाइन्छ । त्यसैगरी २०७८ सालको जनगणना अनुसार कुल जनसंख्या २९१६४५७८ को ४८.९८ प्रतिशत (१४२५३५५१) पुरूष तथा ५१.०२ प्रतिशत (१४९११०२७) महिला र लैङ्गिक अनुपात ९५.५९ रहेको तथ्याङ्कले प्रतिसय महिलामा पुरूषको संख्या ९५/९६ हुन आउँछ । नेपालको जनसङ्ख्याको लिङ्ग अनुपातलाई हेर्दा सन् १९५२/५४ देखि १९८१ सम्म लिङ्ग अनुपात बढ्दै गएको देखिन्छ । सन् १९५२/५४ को जनगणनामा नेपालको लिङ्ग अनुपात ९६.८ थियो भने सन् १९८१ मा बढेर १०५.० हुन पुगेको छ । सन् १९५२/५४ र १९६१ मा लिङ्ग अनुपात १०० भन्दा कम रहेको देखिन्छ ।

सन् १९७१ र सन् १९८१ को जनगणनामा लिङ्ग अनुपात १०० भन्दा बढी पाइएको थियो । सन् १९९१ र सन् २००१ म लिङ्ग अनुपात घटेर क्रमशः ९९.५ र ९९.८ हुन आएको थियो । यसरी सन् १९९१ र २००१ को जनगणनामा लिङ्ग अनुपात कम हुनुमा पुरुषहरूको प्रवासन र पुरुषहरूको न्यून गणनालाई प्रमुख कारण मान्न सकिन्छ । सन् २०११ को जनगणना अनुसार नेपालको जनसङ्ख्याको लिङ्ग अनुपात ९४.२ रहेको छ भने २०७८ को जनगणना अनुसार लैङ्गिक अनुपात ९५.५९ रहेको छ । यो लिङ्ग अनुपात अघिल्लो जनगणनाको लिङ्ग अनुपात भन्दा निकै कम छ । यसरी लिङ्ग अनुपात कम हुनुको प्रमुख कारण अनुपस्थित पुरुष जनसङ्ख्या अधिक हुनुलाई लिन सकिन्छ ।

राई श्री हिरा कुमार (२०७६), खोटाङ जिल्लाको सदरमुकाम नजिकै (N27°13’36.62”/E 086°14.80’ Elecation 1728M) अवस्थित दिक्तेल बहुमुखी क्याम्पस, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. २ खोटाङको स्थापना तत्कालीन शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवी लगायतको प्रयासमा वि.सं.

२०३७ साल असोज १६ गते त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी स्थापना भएको सामुदायिक क्याम्पस हो । यस क्याम्पसमा छात्रको तुलनामा छात्राको सङ्ख्या बढी हुनुको कारण लैङ्गिक विभेद, आर्थिक अवस्था, प्राविधिक शिक्षाप्रतिको आकर्षण, पुरुष प्रवासन जस्ता पक्ष हुन सक्छन् । माथि उल्लेखित समस्यामा केन्द्रित रहेर यो अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य (Objective of the study )

जुनसुकै अध्ययन तथा अनुसन्धानको क्रममा उद्देश्यको निर्धारण गर्नुलाई प्रमुख कार्यको रूपमा लिइन्छ । यस दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. २ मा अवस्थित दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलमा छात्रको तुलनामा छात्राको सङ्ख्या बढी हुनुको कारण पहिचान सम्बन्धी अनुसन्धानको निम्ति निम्न उद्देश्यहरू रहेका छन् :

- छात्र-छात्राको दर निर्धारण गर्ने,
- छात्रहरूको सङ्ख्या कम हुने कारणको पहिचान गर्ने,
- समस्याको निराकरणका उपायहरू खोजी गर्ने,
- आवश्यक सल्लाह-सुझाव प्रदान गर्ने ।

## १.४ अध्ययनको सान्दर्भिकता (Rationale of the study)

यो अनुसन्धान खोटाङ जिल्ला दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. २ मा अवस्थित दिक्तेल बहुमुखी क्याम्पसको एक समस्याको रूपमा अनुसन्धान कर्ताले बढाएता पनि यो समस्या एउटा क्याम्पस, समुदाय, राष्ट्र र विश्वको समस्या हुन सक्छ किनकि के कारणबाट देशमा रहेका युवाहरू उच्च शिक्षा लिनबाट बन्चित भएका छन् त्यो समस्या युवा स्वयम्ले सृजना गरेका हुन् ? कि त्यो समस्या कुनै समुदायबाट भएको हो ? वा राज्यको कमी कमजोरीका कारण युवाहरू उच्च शिक्षा हाँसिल गर्नबाट रोकिएका छन् ? के उच्च शिक्षा आर्जन नगरी व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वको विकास सम्भव छ ? यी र यस्ता प्रश्नहरू को उत्तर खोज्न नितान्त आवश्यक भएको ठहर गरी हाल दिक्तेल बहुमुखी क्याम्पसमा छात्राको तुलनामा छात्रहरूको संख्या कम देखिनुको कारण पत्ता लगाई त्यो समस्या यदि सत्य सावित हो भने प्राप्त नतिजालाई देशभर सामान्यीकरण गर्न सकिने भएका कारण पनि यो अध्ययन आवश्यक भएको महसुस गरेको छु ।

## १.५ अध्ययनको महत्त्व ( Signficance of the study )

कुनै पनि अध्ययन तथा अनुसन्धानमा आफ्नै किसिमको महत्त्व रहेको पाईन्छ । हरेक क्रियाकलापमा त्यसको महत्त्व छैन भने त्यस क्रियाकलापको कुनै औचित्य हुँदैन । दिनानु दिन भइरहेको जनसङ्ख्या

परिवर्तनले विकास निर्माणको कार्यमा बाधा पुर्‍याइरहेको हुन्छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. २ मा अवस्थित दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलमा छात्राको तुलनामा छात्रको सङ्ख्या कम हुनुको कारण पहिचान गर्ने मूख्य उद्देश्य रहेको यस अनुसन्धानको महत्त्वहरू  निम्न रहेका छन् :

- यस अनुसन्धानले दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलमा अध्ययनरत विद्यार्थीहरूको छात्र-छात्राको दर पत्ता लगाउने छ ।
- यस अनुसन्धानले छात्रहरूको सङ्ख्या कम हुनुको कारण सम्बन्धी जानकारी दिने छ ।
- यो अनुसन्धान विभिन्न सङ्घ-संस्था, NGO तथा INGO लाई सन्दर्भ सामग्री हुने छ ।
- यस अुसन्धानले पछिल्ला अनुसन्धानकर्ता, विद्यार्थी तथा भावी पिँढीलाई स्रोत सामग्रीको रूपमा प्रयोग गर्न सहयोगी हुने छ ।
- क्याम्पस, प्राध्यापक, विद्यार्थी, समुदाय तथा सरोकारवालाहरूलाई यथार्थ विवरण थाहा पाउन सहयोग पुग्ने छ ।
- समस्याको निराकरणका लागि आवश्यक सल्लाह-सुझावका लागि सहयोग पुग्ने छ ।
- जात, धर्म, पेशा तथा संस्कारले लैङ्गिकतामा पारेको प्रभाव सम्बन्धी जानकारी दिने छ ।

### १.६ अध्ययनका सीमाहरू ( Limitation of the study )

निश्चित सीमाभन्दा बाहिर गएर गरिएको अनुसन्धान वा कुनै पनि कार्य उद्देश्य विहीन हुने गर्दछ । त्यस कारणले यस अनुसन्धान कार्यलाई उपयुक्त सन्दर्भमूलक बनाउनका लागि केहि निश्चित सीमाहरू निर्धारण गरिएका छन् । सीमित समय, स्रोत तथा साधनले गर्दा प्रस्तुत अनुसन्धानलाई निम्न अनुसार सीमित गरिएको छ :

- ❖ यो अनुसन्धान खोटाङ जिल्ला दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. २ को दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलमा मात्र सीमित रहेको छ ।
- ❖ यो अनुसन्धान २०७३ देखि २०८१ सम्मका विद्यार्थीहरुलाई मात्र समेटिएको छ ।
- ❖ दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलमा अध्ययनरत सबै तहका विद्यार्थीहरूलाई समेटिएको छ ।
- ❖ प्रस्तुत अनुसन्धानले गुणात्मक पक्ष भन्दा परिमाणात्मक पक्षलाई बढी जोड दिएको छ ।
- ❖ यस अनुसन्धानले अन्य जिल्लाका विभिन्न क्याम्पसका विद्यार्थी संख्यासँग तुलनात्मक अध्ययन गरिने छ ।

## अध्याय : दुई ( Chapter: Two )

### २. सम्बन्धित साहित्यको पुनरावलोकन ( Review of the related literature)

कुनै पनि अध्ययन तथा अनुसन्धानलाई सार्थक बनाउनका लागि त्यससँग सम्बन्धित साहित्यको पुनरावलोकन गर्नु आवश्यक हुन्छ । यस प्रतिवेदन तयार गर्नका लागि निम्न अनुसारको साहित्यको पुनरावलोकन गरिएको छ ।

राई श्री हिरा कुमार (२०७६), परिचयात्मक विवरण पुस्तिका, दिक्तेल बहुमुखी क्याम्पस मा उल्लेख गरिए अनुसार खोटाङ जिल्लाको सदरमुकाम नजिकै ( N 27°13’36.62”/E 086°14.80” Elecation 1728M अवस्थित दिक्तेल बहुमुखी क्याम्पस, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. २ खोटाङको स्थापना तत्कालीन शिक्षाप्रेमी, समाजसेवी, वुद्धिजीवी लगायतको प्रयासमा वि.सं. २०३७ साल असोज १६ गते त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी स्थापना भएको सामुदायिक क्याम्पस हो ।

थापा (२०७३), Population Situation Of Nepal (पृष्ठ ३७/३८), नेपालको जनसङ्ख्या स्थितिमा उल्लेख भए अनुसार सन् १९५२/५४ देखि २०११ सम्म नेपालको जनसङ्ख्याको लिङ्ग अनुपात तलको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार सन् १९६१ को जनगणनासम्म पुरुष जनसङ्ख्याभन्दा महिला जनसङ्ख्या बढी थियो । सन् १९७१ र १९८१ मा भने महिला जनसङ्ख्याभन्दा पुरुष जनसङ्ख्या बढी पाइएको थियो । त्यस्तै सन् १९९१ र २००१ को जनगणनामा पुरुष जनसङ्ख्याभन्दा महिला जनसङ्ख्या बढी देखिन्छ । सन् २०११ को जनगणनामा पुरुषको जनसङ्ख्याभन्दा महिलाको जनसङ्ख्या ७,९६,४२२ ले बढी पाइएको छ । सन् १९५२/५४ मा नेपालको कुल जनसङ्ख्यामा ४९.२ प्रतिशत पुरुष र ५०.८ प्रतिशत महिला रहेका थिए भने सन् १९६१ म ४९.३ प्रतिशत पुरुष र ५०.७ प्रतिशत महिलाको हिस्सा रहेको थियो । त्यसपछि सन् १९७१ म ५०.३ प्रतिशत पुरुष र ४९.७ प्रतिशत महिला रहेका थिए । सन् १९८१ मा ५१.२ प्रतिशत पुरुष र ४८.८ प्रतिशत महिला रहेका थिए । सन् १९९१ र २००१ को जनगणनामा पुरुषको हिस्सा क्रमशः ४९.९ र ५०.० प्रतिशत रहेको देखिन्छ भने सोही जनगणना वर्षमा महिलाको हिस्सा क्रमशः ५०.१ र ५०.० प्रतिशत रहेको देखिन आउँछ । सन् २०११ को जनगणना अनुसार नेपालको जनसङ्ख्यामा ४८.५ प्रतिशत पुरुष र ५१.५ प्रतिशत महिला रहेको पाइएको छ ।

**Table 1**

*Population by sex & sex ratio, Nepal, 1952/54-2011*

| Census year | Population | | | Sex ratio[1] | Masculinity Proportion[2] |
|---|---|---|---|---|---|
| | Male | Female | Both sexes | | |
| 1952/54 | 4050607 | 4184742 | 8235079 | 96.8 | 49.2 |
| | (49.2) | (50.8) | (100.0) | | |
| 1961 | 4636033 | 4776963 | 9412996 | 97.1 | 49.3 |
| | (49.3) | (50.7) | (100.0) | | |
| 1971 | 5817203 | 5738780 | 11555983 | 101.4 | 50.3 |
| | (50.3) | (49.7) | (100.0) | | |
| 1981 | 7695336 | 7327503 | 15022839 | 105.0 | 51.2 |
| | (51.2) | (48.8) | (100.0) | | |
| 1991 | 9220974 | 9270123 | 18491097 | 99.5 | 49.9 |
| | (49.9) | (50.1) | (100.0) | | |
| 2001 | 11575711 | 11575712 | 23151423 | 99.8 | 50.0 |
| | (50.0) | (50.0) | (100.0) | | |
| 2011 | 12849041 | 13645463 | 26494504 | 94.2 | 48.5 |
| | (48.5) | (50.0) | (100.0) | | |

Source: CBS (1987). Population monograph of Nepal

: CBS (1995). Population census 1991. Vol. 4.

: CBS (2002). Population census 2001. National report

: CBS (2012). National population and housing census 2011. Vol. 1, Table 15

$$1.\ \text{Sex Ratio} = \frac{\text{No of males}}{\text{No of females}} \times 100$$

$$2.\ \text{Masculinity Proportion} = \frac{\text{No of males}}{\text{Total population}} \times 100$$

नेपालको जनसङ्ख्याको लिङ्ग अनुपातलाई हेर्दा सन् १९५२/५४ देखि १९८१ सम्म लिङ्ग अनुपात बढ्दै गएको देखिन्छ । सन् १९५२/५४ को जनगणनामा नेपालको लिङ्ग अनुपात ९६.८ थियो भने सो बढेर सन् १९८१ मा १०५.० हुन पुगेको छ । सन् १९५२/५४ देखि र

१९६१ मा लिङ्ग अनुपात १०० भन्दा कम रहेको देखिन्छ । सन् १९७१ र १९८१ को जनगणनामा लिङ्ग अनुपात १०० भन्दा बढी पाइएको थियो । सन् १९९१ र २००१ मा लिङ्ग अनुपात घटेर क्रमशः ९९.५ र ९९.८ हुन आएको थियो । यसरी सन् १९९१ र २००१ को जनगणनामा लिङ्ग अनुपात कम हुनुमा पुरुषहरूको प्रवासन र पुरुषहरूको न्यून गणनालाई प्रमुख कारण मान्न सकिन्छ । सन् २०११ को जनगणना अनुसार नेपालको जनसङ्ख्याको लिङ्ग अनुपात ९४.२ रहेको छ । यो लिङ्ग अनुपात अघिल्लो जनगणनाको लिङ्ग अनुपात भन्दा निकै कम छ । यसरी लिङ्ग अनुपात कम हुनुको प्रमुख कारण अनुपस्थित पुरुष जनसङ्ख्या अधिक हुनुलाई लिन सकिन्छ ।

क्याम्पस दिक्तेल बहुमुखी अङ्क-१२ (२०७६), नयाँ कदममा उल्लेख भए अनुसार विद्यार्थी सङ्ख्या तल प्रस्तुत गरिएको छ ।

**Table 2**

*Year-wise Report in F.Y: 2076*

| Course | Semester | Total | Boys | Girls | EDJ | Dalit | Janajati | Madhesi | Other | Grand Total |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 11 | | 112 | | | | | | | | 112 |
| 12 | | 65 | | | | | | | | 65 |
| BA | 1st Year | 17 | 12 | 5 | 0 | 0 | 11 | 0 | 6 | 17 |
| BA | 2nd Year | 67 | 29 | 38 | 1 | 3 | 29 | 0 | 34 | 67 |
| BA | 3rd Year | 73 | 38 | 35 | 1 | 8 | 27 | 0 | 37 | 73 |
| BBS | 1st Year | 12 | 5 | 7 | 0 | 0 | 11 | 0 | 1 | 12 |
| BBS | 2nd Year | 26 | 14 | 12 | 2 | 1 | 13 | 1 | 9 | 26 |
| BBS | 3rd Year | 32 | 10 | 22 | 1 | 0 | 19 | 0 | 12 | 32 |
| BBS | 4th Year | 16 | 9 | 7 | 0 | 0 | 10 | 0 | 6 | 16 |
| BED | 1st Year | 29 | 19 | 10 | 1 | 1 | 20 | 0 | 7 | 29 |
| BED | 2nd Year | 42 | 11 | 31 | 3 | 2 | 24 | 0 | 13 | 42 |
| BED | 3rd Year | 32 | 10 | 22 | 0 | 2 | 15 | 0 | 15 | 32 |
| BED | 4th Year | 41 | 5 | 36 | 0 | 2 | 22 | 0 | 17 | 41 |
| MA Sociology | 2nd Sem. | 18 | 9 | 9 | 2 | 0 | 9 | 0 | 7 | 18 |
| MA Sociology | 4th Sem. | 40 | 35 | 5 | 2 | 2 | 13 | 0 | 23 | 40 |
| MED | 2nd Sem. | 12 | 11 | 1 | 0 | 0 | 6 | 0 | 6 | |
| Grand Sub Total | | 634 | 217 | 240 | | | | | | 634 |

स्रोत- नयाँकदम अङ्क-१२ (२०७६), दिक्तेल क्याम्पस

**Table 3**

*भर्ना अभिलेख, स्नातक प्रथम वर्ष ,२०७३-२०७६*

| Year | Male | Female | Total | Male percent | Female percent | Total percent | Remarks |
|---|---|---|---|---|---|---|---|
| 2073 | 48 | 82 | 130 | 36.93% | 63.07% | 100.0 | |
| 2074 | 62 | 108 | 170 | 36.47% | 63.53% | 100.0 | |
| 2075 | 53 | 82 | 135 | 39.25% | 60.75% | 100.0 | |
| 2076 | 110 | 117 | 227 | 48.45% | 51.55% | 100.0 | |

**Table 4**

*कक्षा-११, भर्ना अभिलेख, २०७६*

| Male | Female | Total | Male percent | Female percent | Total percent | Remarks |
|---|---|---|---|---|---|---|
| 51 | 63 | 114 | 44.73% | 55.27% | 100.0 | |

**Table 5**

*भर्ना अभिलेख, स्नातक प्रथम वर्ष ,२०७८-२०७९*

| Year | Male | Female | Total | Male Percent | Female Percent | Total Percent | Remarks |
|---|---|---|---|---|---|---|---|
| B.ED. | 38 | 93 | 131 | 29 | 71 | 100 | |
| B.B.S. | 25 | 56 | 81 | 30.86 | 69.14 | 100 | |
| B.A. | 29 | 49 | 78 | 37.18 | 62.82 | 100 | |
| Total | 92 | 198 | 290 | 31.72 | 68.28 | 100 | |

**Table 6**

*भोजपुर बहुमुखी क्याम्पस भोजपुरको २०७९ सालको विद्यार्थी विवरण*

| Programme | BBS I | BBS II | BA I | BA II | BED I | BED II | MED III | Percent |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Male | 12 | 22 | 7 | 6 | 26 | 28 | 6 | 32.14 |
| Female | 18 | 54 | 9 | 6 | 66 | 63 | 10 | 67.86 |
| Total | 30 | 76 | 16 | 12 | 92 | 91 | 16 | 100 |

स्रोत- क्याम्पस भर्ना अभिलेख २०७९

**Table 7**

*ओखलढुङ्गा बहुमुखी क्याम्पस ओखलढुङ्गाको २०७९सालको विद्यार्थी विवरण*

| Programme | BBS | BA | BED | MED | Percent |
|---|---|---|---|---|---|
| Male | 70 | 27 | 94 | 40 | 37.74 |
| Female | 107 | 22 | 217 | 35 | 62.26 |
| Total | 177 | 49 | 311 | 75 | 100 |

स्रोत- क्याम्पस भर्ना अभिलेख २०७९

(Aarya, August 10, 2022)"२०२१ को जनगणना अनुसार २२ लाख नेपाली विदेशमा रहेका छन् जसमध्ये ८१.२८ प्रतिशत पुरूष र १८.७२ प्रतिशत महिला रहेका छन् ।"

**Table 8**

| Course | Semester | Total | Boys | Girls | EDJ | Dalit | Janajati | Madhesi | Other | Grand Total |
|---|---|---|---|---|---|---|---|---|---|---|
| BA | 1st Year | 84 | 29 | 55 | 1 | 8 | 37 | 0 | 38 | 84 |
| BA | 2nd Year | 146 | 71 | 75 | 0 | 8 | 16 | 0 | 122 | 146 |
| BA | 3 rd Year | 71 | 38 | 33 | 0 | 4 | 20 | 0 | 47 | 71 |
| BBS | 1st Year | 43 | 13 | 30 | 0 | 3 | 21 | 0 | 19 | 43 |
| BBS | 2nd Year | 73 | 35 | 38 | 0 | 3 | 11 | 0 | 59 | 73 |
| BBS | 3rd Year | 33 | 14 | 19 | 0 | 1 | 21 | 0 | 11 | 33 |
| BBS | 4th Year | 20 | 12 | 8 | 1 | 1 | 11 | 0 | 7 | 20 |
| BED | 1st Year | 102 | 25 | 77 | 0 | 14 | 38 | 0 | 50 | 102 |
| BED | 2nd Year | 155 | 56 | 99 | 1 | 13 | 26 | 0 | 115 | 155 |
| BED | 3rd Year | 52 | 19 | 33 | 0 | 3 | 21 | 0 | 28 | 52 |
| BED | 4th Year | 35 | 10 | 25 | 2 | 2 | 22 | 0 | 9 | 35 |
| MA Sociolgy | 1 Sem. | 14 | 12 | 2 | 0 | 0 | 1 | 0 | 13 | 14 |
| MA Sociolgy | 3rd Se. | 22 | 14 | 8 | 0 | 1 | 4 | 0 | 17 | 22 |

| | | | |
|---|---|---|---|
| **Grand Sub Total** | 850 | 348 | 502 |
| **Percent** | 100 | 40.9 | 59.1 |

*Year-wise Report in F.Y: 2079*

Source:- IEMIS 2079 Diktel Campus

**Table 9**

*Year-wise Report in F.Y: 2080*

| Course | Semester | Total | Boys | Girls | EDJ | Dalit | Janajati | Madhesi | Other | Grand Total |
|---|---|---|---|---|---|---|---|---|---|---|
| BA | 1st Year | 39 | 14 | 25 | 0 | 1 | 10 | 0 | 28 | 39 |
| BA | 2nd Year | 66 | 23 | 43 | 1 | 6 | 27 | 0 | 32 | 66 |
| BA | 3 rd Year | 70 | 36 | 34 | 0 | 7 | 10 | 0 | 53 | 70 |
| BA | 4th Year | 54 | 27 | 27 | 0 | 3 | 15 | 0 | 36 | 54 |
| BBS | 1st Year | 38 | 16 | 22 | 0 | 1 | 9 | 0 | 28 | 38 |
| BBS | 2nd Year | 36 | 10 | 26 | 0 | 2 | 18 | 0 | 28 | 38 |
| BBS | 3rd Year | 48 | 21 | 27 | 0 | 3 | 6 | 0 | 39 | 48 |
| BBS | 4th Year | 28 | 13 | 15 | 0 | 1 | 16 | 0 | 11 | 28 |
| BED | 1st Year | 67 | 18 | 49 | 0 | 2 | 30 | 0 | 35 | 67 |
| BED | 2nd Year | 72 | 17 | 55 | 0 | 9 | 29 | 0 | 34 | 72 |
| BED | 3rd Year | 76 | 28 | 48 | 0 | 8 | 17 | 0 | 51 | 76 |
| BED | 4th Year | 41 | 14 | 27 | 0 | 2 | 19 | 0 | 20 | 41 |
| MA Sociolgy | 1 Sem. | 14 | 12 | 2 | 0 | 0 | 1 | 0 | 13 | 14 |
| MA Sociolgy | 2nd Sem. | 13 | 11 | 2 | 0 | 0 | 1 | 0 | 12 | 13 |
| MA Sociolgy | 3rd Sem. | 19 | 12 | 7 | 0 | 0 | 5 | 0 | 14 | 19 |
| MA Sociolgy | 4th Sem. | 19 | 12 | 7 | 0 | 0 | 5 | 0 | 14 | 19 |
| **Grand Sub Total** | | 700 | 284 | 416 | | | | | | |
| **Percent** | | 100 | 40.58 | 59.42 | | | | | | |

**Source:- IEMIS 2080 Diktel Campus**

**Table 10**

*Year-wise Report in F.Y: 2081*

| Course | Semester | Total | Boys | Girls | EDJ | Dalit | Janajati | Madhesi | Other | Grand Total |
|---|---|---|---|---|---|---|---|---|---|---|
| BA | 1st Year | 63 | 27 | 36 | 0 | 1 | 25 | 0 | 37 | 63 |
| BA | 2nd Year | 35 | 13 | 22 | 0 | 1 | 8 | 0 | 26 | 35 |
| BA | 3 rd Year | 66 | 23 | 43 | 1 | 6 | 27 | 0 | 32 | 66 |
| BA | 4th Year | 58 | 19 | 39 | 1 | 6 | 24 | 0 | 27 | 58 |
| BBS | 1st Year | 18 | 12 | 6 | 2 | 1 | 4 | 0 | 11 | 18 |
| BBS | 2nd Year | 37 | 16 | 21 | 0 | 1 | 8 | 0 | 28 | 37 |
| BBS | 3rd Year | 36 | 10 | 26 | 0 | 2 | 18 | 0 | 16 | 36 |
| BBS | 4th Year | 36 | 10 | 26 | 0 | 2 | 18 | 0 | 16 | 36 |
| BED | 1st Year | 69 | 21 | 48 | 1 | 2 | 31 | 0 | 35 | 69 |
| BED | 2nd Year | 59 | 16 | 43 | 0 | 1 | 24 | 0 | 34 | 59 |
| BED | 3rd Year | 72 | 17 | 55 | 0 | 9 | 29 | 0 | 34 | 72 |
| BED | 4th Year | 68 | 16 | 52 | 0 | 9 | 26 | 0 | 34 | 72 |
| MA Sociolgy | 1 Sem. | 28 | 21 | 7 | 0 | 1 | 10 | 0 | 17 | 28 |
| MA Sociolgy | 3rd Sem. | 13 | 11 | 2 | 0 | 0 | 1 | 0 | 12 | 13 |
| MED | 1st Sem. | 19 | 11 | 8 | 0 | 5 | 4 | 0 | 10 | 19 |
| **Grand Sub Total** | | 677 | 243 | 434 | | | | | | |
| **Percent** | | 100 | 35.8 | 64.2 | | | | | | |

# अध्याय : तिन (Chapter -3)

## ३. अनुसन्धान पद्धति (Research Methodology)

### ३.१ अनुसन्धान विधि (Research Method)

अध्ययन विधि अर्न्तगत अनुसन्धानलाई सजिलो एवं प्रभावकारी र उपलब्धिमूलक बनाउन विभिन्न विधिहरूको प्रयोग गर्ने गरिन्छ । खास गरेर अध्ययन विधि भित्र अनुसन्धानका प्रक्रियाहरू समेत पर्दछन् । जस्तो सुरुदेखि अन्तिमसम्म गरिने क्रियाकलापहरू अध्ययन विधि भित्रै समावेश गरिएका हुन्छन् । अध्ययन विधिमा विशेष गरी तथ्याङ्कका स्रोतहरू, अनुसन्धान ढाँचा निर्धारण प्रक्रिया, तथ्याङ्क संकलन एवं विश्लेषण प्रक्रिया समय तालिका तथा लागत तालिका आदि समावेश गर्न सकिन्छ । कुनै पनि अध्ययनमा खास दुईवटा विधिहरूलाई प्रयोग गर्ने गरेको पाइन्छ । जुन अवलोकनात्मक तथा प्रयोगात्मक जसमध्ये यो अध्ययन अवलोकन विधिको प्रयोग गरी यस क्याम्पससँग जिम्मेवार व्यक्ति, विद्यार्थी, प्राध्यापक, कर्मचारी, अभिभावक तथा सरोकारवाला बीच सोधपुछ, प्रश्नावली, अन्तक्रिया गरी परिमाणात्मक तथा वर्णनात्मक विधिको प्रयोग गरी प्रश्नावली, छलफल एवं अवलोकनको माध्यमबाट अध्ययन गरिएको छ ।

### ३.२ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन खोटाङ जिल्ला दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. २ स्थित दिक्तेल बहुमुखी क्याम्पसमा छात्राको तुलनामा छात्रहरूको संख्या कम हुनु भन्ने विषयलाई लिएर अनुसन्धान अगाडि बढेतापनि उक्त विषयलाई पूर्णता दिन यस अनुसन्धानलाई वर्णनात्मक, अवलोकनात्मक तथा परिमाणात्मक ढाँचाको प्रयोग गरिने छ । किनकि यस अनुसन्धानमा कतिपय तथ्याङ्कहरूलाई जस्ताको त्यस्तै उल्लेख गर्नुपर्दछ । त्यसै गरी यस अनुसन्धानमा केही स्वतन्त्र र आश्रित चरहरूले समूदायको शैक्षिक, आर्थिक, सामाजिक, राजनैतिक एवं भौगोलिक तत्त्व वा अवस्थामा निर्भर रहन सक्ने अनुमान गर्न सकिन्छ । त्यसैले यस दिक्तेल बहुमुखी क्याम्पसमा पनि यी आश्रित चरहरूलाई स्वतन्त्र चरहरुले प्रभाव पारेको हुन्छ र यस अध्ययनका क्रममा यी र यस्ता चरहरूका बारेमा बडो होसियार पूर्वक अध्ययनका साधनहरूको निर्माण गरी अध्ययन कार्यमा संलग्न हुनु आवश्यक छ ।

### ३.३ तथ्याङ्कका स्रोतहरू (Data Sources)

यस अध्ययनमा तथ्याङ्क संकलनका लागि प्राथमिक र द्वितीय दुबै स्रोतलाई प्रयोग गरिने छ । अन्तर्वार्ता सूची (प्रश्नावली), अवलोकन फारम तथा क्षेत्र नोटबाट संकलन गरिएको तथ्याङ्कलाई प्राथमिक स्रोतका रूपमा लिइने छ भने दिक्तेल बहुमुखी क्याम्पसको अभिलेख, नयाँ कदम, जर्नल, बुलेटिन, पत्रपत्रिका, स्मारिका एवं तत् सम्बन्धी online दस्ताबेजहरूको अध्ययनबाट प्राप्त तथ्याङ्कलाई द्वितीय स्रोतका रूपमा प्रयोग गरिएको छ ।

### ३.४ अध्ययनको जनसंख्या (Study Population)

दिक्तेल बहुमुखी क्याम्पसका ६३४ विद्यार्थी मध्ये विभिन्न जनजाती, दलित, क्षेत्री, ब्राहमण गरी जम्मा १० देखि २० प्रतिशत विद्यार्थी तथा अभिभावकको परिधीभित्र रही स्तरीय नमूना छनौट प्रक्रियाद्वारा छनौट गरी अध्ययनलाई पूर्णता प्रदान गरिएको छ ।

### ३.५ नमूना छनौट प्रक्रिया (Sampling Procedure)

यो अध्ययन खोटाङ जिल्लाको दिक्तेल बहुमुखी क्याम्पसका सम्पूर्ण विद्यार्थीको प्रतिनिधित्व हुनेगरी कम्तीमा १० देखि २० प्रतिशत विद्यार्थीलाई प्रत्येक जातजातिको सहगागितालाई समावेश बनाई उद्देश्य मूलक नमूना छनौट प्रक्रियाबाट गरिएको छ ।

### ३.६ तथ्याङ्क संकलनका साधनहरू (Tools of data collection)

यस अनुसन्धानका लागि आवश्यक तथ्याङ्क संकलन गर्न विभिन्न किसिमका तथ्याङ्क संकलनका साधनको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीय स्रोतहरूबाट तथ्याङ्क संकलन गर्नका लागि निम्न अनुसारका साधनहरूको प्रयोग गरिएको छ ।

#### ३.६.१ अन्र्तवार्ता सूची (Interview List)

यस अनुसन्धान कार्यका लागि तथ्याङ्क संकलन गर्न प्रश्नावलीको प्रयोग गरिएको छ । जस अन्तर्गत पारिवारिक विवरण, शैक्षिक विवरण, धार्मिक, राजनैतिक, भौगोलिक, जातीय विवरण समेतको जानकारी प्राप्त गर्न विद्यार्थी, अभिभावक तथा सम्बन्धित सरोकारवालाहरूको अन्तर्वार्ताका माध्यमबाट समेत तथ्याङ्क संकलन गरिएको छ ।

#### ३.६.२ अवलोकन फारम /फिल्ड नोट (Observation Form/Field Note)

यस अनुसन्धान कार्यका लागि थप आवश्यक पर्ने तथ्याङ्कहरू अवलोकन फारम तथा फिल्ड नोटको माध्यमबाट पनि संकलन गरिएको छ । साथै विद्यार्थी तथा अभिभावकको पारिवारिक स्थिति, शैक्षिक तथा वातावरणीय अवस्था लगायतका अन्य सूचकहरूलाई समेत आधार मानी अवलोकन फारम तथा फिल्ड नोटको माध्यमबाट तथ्याङ् संकलन गरिएको छ ।

#### ३.६.३ अभिलेख विश्लेषण (Record Analysis)

यस दिक्तेल बहुमुखी क्याम्पसद्वारा प्रकाशित वा अभिलेखित सूचनाका स्रोतहरूबाट प्राप्त जानकारीलाई समेत यस अध्ययनमा समावेश गरिएको छ ।

### ३.७ तथ्याङ्क संकलनका साधनको विश्वसनियता एवं वैधता (Validity and rehability of data collection tools)

यस अध्ययन एवं अनुसन्धानमा प्रयोग गरिने तथ्याङ्क संकलनका साधनहरूलाई वैधता प्राप्त गराउन सर्वप्रथम त अनुसन्धान कर्ताहरूको तर्फबाट त्यसका कमीकमजोरीहरू हटाउने प्रयास गरिने छ । त्यसका अलावा अनुसन्धान व्यवस्थापन समितिबाट परीक्षण गराई नमुनाको रूपमा दिक्तेल बहुमुखी

क्याम्पसका विद्यार्थीहरूमा परीक्षण गरी अनुसन्धानका साधनमा रहेका कमीकमजोरीहरूलाई न्यूनीकरण गरी विश्वसनीय एवं वैध बनाउन सक्दो प्रयास गरिएको छ ।

### ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया र व्याख्या (Data analysis procedure and description)

यस अनुसन्धानबाट प्राप्त भएका परिमाणात्मक तथा गुणात्मक तथ्यहरूलाई जस्ताको तस्तै ऐनाझैँ उतार्न विभिन्न स्तम्भ चित्र, तालिका, पाइचार्ट तथा व्याख्या विश्लेषणको माध्यमबाट अनुसन्धानलाई मूर्त रूप दिन तथ्याङ्कको व्याख्या विश्लेषणको महत्त्वपूर्ण भूमिका रहेको छ ।

## अध्याय : चार (Chapter : Four)

## ४. तथ्याङ्कको विश्लेषण

यस दिक्तेल बहुमुखी क्याम्पसमा छात्राहरूको तुलनामा छात्रहरूको संख्या कम हुनुको कारणको पहिचान सम्बन्धी अध्ययनलाई नमूना सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा तपशिल अनुसारको तथ्याङ्क प्राप्त भएको विवरणलाई तालिका, व्याख्या विश्लेषण तथा चित्रात्मक तवरबाट विश्लेषण गरिएको छ ।

### ४.१ परिवारको संख्याको आधारमा विश्लेषण

**तालिका १**

*परिवारको संख्याको आधारमा विश्लेषण*


| परिवार | ३ जना | ४ जना | ५ जना | ६ वा सोभन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | ३ | १३ | २३ | ७० | १०९ |
| प्रतिशत | २ | १२ | २२ | ६४ | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

उक्त माथिको तालिकाबाट के स्पस्ट हुन्छ भने ३ जना भन्दा कम सदस्य भएको घरपरिवार संख्या २ प्रतिशत, ४ जना सदस्य भएको घरपरिवार संख्या १२ प्रतिशत, ५ जना सदस्य भएको घर परिवार संख्या २२ प्रतिशत र ६ वा सो भन्दा बढी परिवार संख्या भएको घर परिवार ६४ प्रतिशत भएको प्राप्त तथयाङ्कबाट प्रमाणित भएको छ ।

**चित्र नं. १**

*परिवारको सदस्य संख्याको आधारमा विश्लेषण*



## ४.२ परिवारको सदस्य संख्याको आधारमा महिलाको विश्लेषण

**तालिका २**

*परिवारको सदस्य संख्याको आधारमा महिलाको विश्लेषण*


| परिवार | १ जना | २ जना | ३ जना | ४ वा सो भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | ४ | २९ | ३२ | ४७ | ११२ |
| प्रतिशत | ३ | २६ | २९ | ४२ | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

माथिको तालिकालाई विश्लेषण गर्दा परिवारमा १ जना महिला सदस्य भएको घरपरिवार संख्या ३ प्रतिशत, २ जना महिला सदस्य भएको घर परिवार संख्या २६ प्रतिशत, ३ जना महिला सदस्य भएको घरपरिवार संख्या २९ र ४ जना वा सो भन्दा बढी महिला सदस्य भएको घरपरिवार संख्या ४२ प्रतिशत रहेको छ जसले परिवारमा महिलाको जनसङ्ख्या उच्च रहेको प्रमाणित गर्दछ ।

**चित्र २**

*परिवारको सदस्य संख्यामा महिलाको विश्लेषण*



### ४.३ परिवारको सदस्य संख्याको आधारमा पुरुषको विश्लेषण

**तालिका ३**

*परिवार सदस्य संख्याको आधारमा पुरुषको विश्लेषण*


| परिवार | १ जना | २ जना | ३ जना | ४ वा सो भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | १० | २७ | ४१ | ३२ | ११० |
| प्रतिशत | ९ | २५ | ३७ | २९ | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

माथिको तालिकालाई विश्लेषण गर्दा परिवारमा १ मात्र पुरुष सदस्य भएको घरपरिवार संख्या ९ प्रतिशत, २ जना पुरुष सदस्य भएको घर परिवार संख्या २५ प्रतिशत, ३ जना पुरुष सदस्य भएको घरपरिवार संख्या ३७ र ४ जना वा सो भन्दा बढी पुरुष सदस्य भएको घरपरिवार संख्या २९ प्रतिशत रहेको तथ्याङ्कले बताएको छ ।

**चित्र ३**

*परिवारको सदस्य संख्याको आधारमा पुरुषको विश्लेषण*



## ४.४ पेसागत आधारमा घरधुरीको विश्लेषण

**तालिका ४**

**पेशागत आधारमा घरधुरीको विश्लेषण**


| परिवार | कृषि | व्यापार | सरकारी रोजगारी | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | ९७ | ८ | ४ | ७ | ११६ |
| प्रतिशत | ८४ | ७ | ३ | ६ | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

माथिको तालिकामा पेशागत आधारमा जनसंख्याको विश्लेषण गर्दा ८४ प्रतिशत मानिसले हालसम्म कृषि पेसामा आबद्ध रहेका छन् भने ७ प्रतिशत मानिसले व्यापार व्यावसाय सञ्चाल गर्ने गरेका छन, ३ प्रतिशत मानिस सरकारी रोजगारीमा आबद्ध रहँदा ६ प्रतिशत मानिस भने विभिन्न पेसामा आबद्ध रहेका छन् ।

**चित्र ४**

*पेसागत आधारमा घरधुरीको विश्लेषण*



### ४.५ परिवारमा अध्ययनरत सदस्यको विश्लेषण तालिका

**तालिका ५**

*परिवारमा अध्ययनरत सदस्यको विश्लेषण तालिका*


| परिवार | १ जना | २ जना | ३ जना | ४ वा सो भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | ९ | २८ | २६ | ४४ | १०७ |
| प्रतिशत | ८ | २६ | २५ | ४१ | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

माथिको तालिकाबाट परिवारका सदस्यमध्ये १ जना मात्र अध्ययनरत रहेको घरपरिवार १२ प्रतिशत, २ जना अध्ययनरत रहेको घरपरिवार २६ प्रतिशत, ३ जना अध्ययनरत रहेको घरपरिवार २५ प्रतिशत र ४ वा सो भन्दा बढी अध्ययनरत रहेको घरपरिवार संख्या ४१ प्रतिशत रहेको छ।

**चित्र ५**

*परिवारमा अध्ययनरत सदस्यको विश्लेषण*



**४.६ परिवारका अध्ययनरत सदस्य मध्ये यस क्याम्पसमा अध्ययनरत विद्यार्थीको विश्लेषण**

**तालिका ६**

*दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीको विश्लेषण*


| विद्यार्थी | १ जना | २ जना | ३ जना | ४ वा सो भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | ५७ | २५ | १७ | ११ | ११० |
| प्रतिशत | ५१ | २३ | १६ | १० | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

माथिको तालिकाबाट एकै परिवारका सदस्यहरूबाट यस दिक्तेल बहुमुखी क्याम्पसमा १ जना मात्र अध्ययनरत विद्यार्थी ५१ प्रतिशत, २ जना अध्ययनरत विद्यार्थी २३ प्रतिशत, ३ जना अध्ययनरत विद्यार्थी १६ प्रतिशत रहँदा ४ वा सो भन्दा बढी अध्ययनरत विद्यार्थी १० प्रतिशत रहेको तथ्याङ्क छ ।

**चित्र ६**

*दिक्तेल क्याम्पसमा अध्ययनरत विद्यार्थीको विश्लेषण*



### ४.७ दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत छात्राको विश्लेषण

**तालिका ७**

*दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत छात्राको विश्लेषण तालिका*


| विद्यार्थी | १ जना | २ जना | ३ जना | ४ वा सो भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | ७४ | २७ | ७ | - | १०७ |
| प्रतिशत | ७० | २५ | ५ | - | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

माथिको तालिकालाई विश्लेषण गर्दा दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत छात्राहरूमध्ये १ जना अध्ययन गर्ने घरपरिवार संख्या ७१ प्रतिशत, २ जना अध्ययनरत घरपरिवार संख्या २५ प्रतिशत र ३ जना छात्रा अध्ययनरत घरपरिवार संख्या ५ प्रतिशत रहेको पाइन्छ ।

**चित्र ७**

*दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत छात्राको विश्लेषण*



**४.८ दित्केल बहुमुखी क्याम्पसमा अध्ययनरत छात्रहरूको विश्लेषण**

**तालिका ८**

*दित्केल बहुमुखी क्याम्पसमा अध्ययनरत छात्रहरूको विश्लेषण तालिका*


| विद्यार्थी | १ जना | २ जना | ३ जना | ४ जना वा सो भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | ३५ | ३३ | - | - | ६८ |
| प्रतिशत | ५२ | ४८ | - | - | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

यस तालिकाबाट दित्केल बहुमुखी क्याम्पसमा अध्ययनरत छात्रमध्ये १ जना सदस्यमात्र अध्ययनरत संख्या ५२ प्रतिशत र २ जना अध्ययनरत घरपरिवारको संख्या ४८ प्रतिशत रहेको जानकारी प्रदान गर्दछ ।

**चित्र ८**

*दित्केल बहुमुखी क्याम्पसमा अध्ययनरत छात्रहरूको विश्लेषण*



## ४.९ अन्य क्याम्पसमा अध्ययनरत विद्यार्थीको विवरण

**तालिका ९**

*अन्य क्याम्पसमा अध्ययनरत विद्यार्थीको विवरण तालिका*


| विद्यार्थी | छ | छैन | जम्मा |
|---|---|---|---|
| संख्या | ३८ | ७१ | १०९ |
| प्रतिशत | ३५ | ६५ | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

उक्त तालिकाबाट खोटाङ जिल्लाबाट अन्यत्र अध्ययरत विद्यार्थीको विश्लेषण गर्दा ३५ प्रतिशत विद्यार्थी अन्यत्र क्याम्पसमा अध्ययन गर्न जाने गरेका छन भने ६५ घरपरिवारबाट यसै दिक्तेल बहुमुखी क्याम्पसमा मात्रै विद्यार्थीहरू अध्ययन गर्ने गरेको तथ्याङ्क प्राप्त भएको छ ।

**चित्र ९**

*अन्य क्याम्पसमा अध्ययनरत विद्यार्थीको विवरण*



**४.१० खोटाङ जिल्लामा बसोबास गरी दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीको विश्लेषण तलिका १०**

*दिक्तेल बहुमुखी क्याम्पस भन्दा बाहिर अध्ययनरत विद्यार्थीको विश्लेषण*


| विद्यार्थी | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| संख्या | २० | २२ | ४२ |
| प्रतिशत | ४८ | ५२ | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

माथिको तालिकाबाट दिक्तेल बहुमुखी क्याम्पस भन्दा बाहिरको क्याम्पसमा अध्ययनरत महिला विद्यार्थी ४८ प्रतिशत र पुरूष विद्यार्थी ५२ प्रतिशत रहेको तथ्याङ्बाट बाहिर अध्ययनरत विद्यार्थीको लैङ्गिक फरक २ प्रतिशत रहेको छ ।

**चित्र १०**

*दिक्तेल बहुमुखी क्याम्पस भन्दा बाहिर अध्ययनरत विद्यार्थीको विश्लेषण*



**४.११ सर्वेक्षणमा सहभागी मध्ये अध्ययनको लागि विदेश जाने विद्यार्थीको विश्लेषण**

**तालिका ११**

*विदेशमा गई अध्ययन गर्ने विद्यार्थीको विश्लेषण तालिका*


| विद्यार्थी | छ | छैन | जम्मा |
|---|---|---|---|
| संख्या | १५ | ८९ | १०४ |
| प्रतिशत | १४ | ८६ | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

माथिको तालिकाबाट सर्वेक्षणमा सहभागी उत्तरदातामध्ये १४ प्रतिशत सहभागीहरूबाट अध्ययनको लागि विदेश गएको पाइयो भने ८६ प्रतिशत परिवारका सदस्यहरू विदेशमा अध्ययनका लागि नगएको तथ्याङ्कले स्पस्ट पार्दछ ।

**चित्र ११**

*विदेशमा गई अध्ययन गर्ने विद्यार्थीको विश्लेषण*



## ४.१२ विदेशमा गई अध्ययन गर्ने विद्यार्थीको लैङ्गिक विश्लेषण

**तलिका १२**

*विदेशमा गई अध्ययन गर्ने विद्यार्थीको लैङ्गिक विश्लेषण तालिका*


| विद्यार्थी | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| संख्या | ३ | १२ | १५ |
| प्रतिशत | २० | ८० | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

माथिको तालिकाबाट विदेशमा अध्ययन गर्न जाने विद्यार्थीमा ८० प्रतिशत पुरुष तथा २० प्रतिशत महिला रहेको कुरा विश्लेषणले प्रष्ट पारेको छ ।

**चित्र १२**

*विदेशमा गई अध्ययन गर्ने विद्यार्थीको लैङ्गिक विश्लेषण*



### ४.१३ खोटाङ जिल्लाबाट अध्ययनका लागि अन्यत्र जानुको कारण सम्बन्धी विश्लेषण

**तलिका १३**

***अध्ययनका लागि अन्यत्र जानुको कारण सम्बन्धी विश्लेषण तालिका***


| कारक तत्त्व | शिक्षा | स्वास्थ्य | रोजगारी | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | ३२ | - | २३ | ३ | ५८ |
| प्रतिशत | ५५ | - | ४० | ५ | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

खोटाङ जिल्लाका विद्यार्थीहरू  अध्ययनका लागि जिल्ला बाहिर जाने ५५ प्रतिशत रहेका छन् भने रोजगारीका लागि ४० प्रतिशत र विविध कारण जिल्ला छाड्ने दर ५ प्रतिशत रहेको छ ।

**चित्र १३**

*अध्ययनका लागि अन्यत्र जानुको कारण सम्बन्धी विश्लेषण*



### ४.१४ विद्यार्थीले दिक्तेल बहुमुखी क्याम्पस अध्ययन गर्नुको कारणको विश्लेषण

**तलिका १४**

*विद्यार्थीहरु दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययन गर्नुको कारणको विश्लेषण तालिका*


| कारक तत्त्व | चाहना | पारिवारिक | आर्थिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | ८१ | ६ | १४ | ८ | १०९ |
| प्रतिशत | ७५ | ५ | १३ | ७ | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

मथिको तालिकाबाट यस दिक्तेल बहुमुखी क्याम्पसप्रतिको दृष्टिकोण समेतलाई विश्लेषण गरेको पाइन्छ जसमा दिक्तेल बहुमुखी क्याम्पस अध्ययन गर्ने इच्छा तथा चाहना भएर अध्ययन गर्ने ७५ प्रतिशत रहेका छन्, ५ प्रतिशत पारिवारिक कारणबाट अध्ययन गर्दै आएको, १३ प्रतिशत आर्थिक कारणबाट यस क्याम्पसमा अध्ययन गरेको पाइन्छ भने विविध कारणबाट यस क्याम्पसमा अध्ययन गर्ने विद्यार्थी ७ प्रतिशत रहेको सर्वेक्षणबाट स्पस्ट भएको छ ।

**चित्र १४**

*विद्यार्थीहरू दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययन गर्नुको कारणको विश्लेषण*



**४.१५ दिक्तेल बहुमुखी क्याम्पसमा छात्रको तुलनामा छात्राहरूको संख्या बढी हुनुको कारणको विश्लेषण**

**तालिका १५**

***छात्रको तुलनामा छात्राको संख्या बढी हुनुको कारणको विश्लेषण तालिका***


| कारक तत्त्व | लैङ्गिक विभेद | रोजगारी | प्राविधिक शिक्षा | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | १ | ८२ | ७ | १० | १०० |
| प्रतिशत | १ | ८२ | ७ | १० | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

यस तालिकाको अध्ययनबाट रोजगारीका कारण ८२ प्रतिशत, विविध कारण १० प्रतिशत, प्राविधिक शिक्षाका कारण ७ प्रतिशत तथा लैङ्गिक विभेदका कारण १ प्रतिशत विद्यार्थीहरू मध्ये छात्रहरूको संख्या कम भएको भन्ने कुरा स्पष्ट हुन्छ ।

**चित्र १५**

*छात्रको तुलनामा छात्राको संख्या बढी हुनुको कारणको विश्लेषण*



**४.१६ दिक्तेल बहुमुखी क्याम्पसप्रतिको दृष्टिकोणको विश्लेषण**

**तलिका १६**

*क्याम्पस प्रतिको दृष्टिकोणको विश्लेषण तालिका*


| दृष्टिकोण | सकारात्मक | नकारात्मक | अन्य | जम्मा |
|---|---|---|---|---|
| संख्या् | १०३ | - | ५ | १०८ |
| प्रतिशत | ९६ | - | ४ | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

माथिको उल्लेखित तालिकाको आधारमा उत्तरदाताको धारणाको विश्लेषण गर्दा ९६ प्रतिशतमा सकारात्मक धारणा पाइयो, नकारात्मक धारणाको महलमा शुन्य भए तापनि अन्य धारणमा ४ प्रतिशत रहँदा केही उत्तरदातामा सन्तुष्टि प्राप्त गर्न नसकेको पाइन्छ ।

**चित्र १६**

*क्याम्पसप्रतिको दृष्टिकोणको विश्लेषण*



### ४.१७ दिक्तेल बहुमुखी क्याम्पसमा लैङ्गिक अनुपात बनाउन शिक्षालाई कसरी अगाडि बढाउनु पर्छ भन्ने विषयको विश्लेषण

**तलिका १७**

*लैङ्गिक अनुपात वृद्धिगर्न आवश्यक सुझावको विश्लेषण तालिका*


| सुझाव | प्राविधिक | गुणस्तरीय | अन्य | जम्मा |
|---|---|---|---|---|
| संख्या | ३६ | ४८ | १८ | १०५ |
| प्रतिशत | ३५ | ४८ | १७ | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

माथिको तालिकाबाट दिक्तेल बहुमुखी क्याम्पसमा लैङ्गिक अनुपात सन्तुलन कायम राख्न दिएको सुझावमा गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्नेमा ४८ प्रतिशत मत प्राप्त भएको छ । त्यसै गरी प्राविधिक एवं प्रविधियुक्त शिक्षामा जोड दिनुपर्नेमा ३५ प्रतिशत मत प्राप्त भएको छ भने विविध पक्षमा सुधार हुनुपर्ने १७ प्रतिशत मत प्राप्त भएको कुरा पुष्टी हुन्छ ।

**चित्र १७**

*लैङ्गिक अनुपात वृद्धि गर्न आवश्यक सुझावको विश्लेषण*



**४.१८ दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीको पारिवारिक शैक्षिक अवस्थाको विश्लेषण**

**तालिका १८**

*पारिवारिक शैक्षिक अवस्थाको विश्लेषण*


| शैक्षिक योग्यता | साधारण | एस.एल.सी. वा सो सरह | आई.ए. वा सो सरह | बि.ए. वा सो भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | ६३ | २८ | ९ | ६ | १०६ |
| प्रतिशत | ६० | २७ | ८ | ५ | १०० |

श्रोत स्थलगत अध्ययन २०८१

माथिको तालिकालाई विश्लेषण गर्दा दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीको पारिवारिक शैक्षिक अवस्थाको विश्लेषण गर्दा यस क्याम्पसमा अध्ययनरत ५ प्रतिशत विद्यार्थीका अभिभावकले स्नातक तह वा सो भन्दा माथिको अध्ययन गरेको पाइन्छ, ८ प्रतिशत विद्यार्थीका अभिभावकले कक्षा १२ वा सो सरह, २७ प्रतिशत विद्यार्थीका अभिभावकले कक्षा १० वा सो सरह अध्ययन गरेको पाइएको छ भने ६० प्रतिशत विद्यार्थीका अभिभावकको शैक्षिक योग्यता साधारण रहेको छ ।

**चित्र १८**

*पारिवारिक शैक्षिक अवस्थाको विश्लेषण*



# अध्याय -पाँच (Chapter Five)

## ५. निष्कर्ष तथा सुझाव

### ५.१ निष्कर्ष

नेपालको २०६८ सालको जनगणना अनुसार कुल जनसंख्याको २६४९४५०४ को ४८.४९ प्रतिशत (१२८४९०४१) पुरुष तथा ५१.५१ प्रतिशत (१३६४५४६३) महिला र लैङ्गिक अनुपात ९४.१६ रहेको केन्द्रीय तथ्याङ्क विभागको रेर्कडमा पाइन्छ । त्यसैगरी २०७८ सालको जनगणना अनुसार कुल जनसंख्या २९१६४५७८ को ४८.९८ प्रतिशत (१४२५३५५१) पुरुष तथा ५१.०२ प्रतिशत (१४९११०२७) महिला र लैङ्गिक अनुपात ९५.५९ रहेको तथ्याङ्कले प्रतिसय महिलामा पुरुषको संख्या ९४/९५ हुनुपर्नेमा दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीमा उक्त तथ्याङ्क नदेखिएका कारण दिक्तेल बहुमुखी क्याम्पसमा विद्यार्थीमा ३१.७२ प्रतिशत छात्र र ६८.२८ प्रतिशत छात्रा रहेका छन् । नमूना सर्वेक्षणमा सहभागी मध्ये एकै परिवारका ४१ प्रतिशतमा ४ जना भन्दा बढी विद्यार्थी अध्ययनरत रहेका छन्, नमूनाबाट दिक्तेल बहुमुखी क्याम्पसमा अध्ययनरत एकै परिवारका ३ जना अध्ययन गर्ने ५ प्रतिशत, २ जना अध्ययन गर्ने २५ प्रतिशत र १ जना अध्ययन गर्ने ७१ प्रतिशत विद्यार्थी रहँदा एकै परिवारका २ जना अध्ययनरत छात्र ४८ प्रतिशत रहँदा परिवारको १ जना मात्र अध्ययनरत छात्र भने ५२ प्रतिशत रहेको छ । खोटाङ जिल्लाभन्दा बाहिर अध्ययन गर्ने छात्र ५२ प्रतिशत रहँदा छात्रा ४८ प्रतिशत रहेको छ । विदेशमा अध्ययन गर्न जाने १५ प्रतिशत मध्ये छात्र ८० प्रतिशत र छात्रा २० प्रतिशत रहेका छन् । सहभागी ८१ प्रतिशतले यस क्याम्पसको गतिविधिलाई उपयुक्त ठानेका छन् । त्यसैगरी रोजगारीका लागि खोटाङ बाहिर जानुको मुख्य कारणको रूपमा रहेको रोजगारीले ४० प्रतिशत ठाउँ ओगट्दा शिक्षाकै लागि बाहिर ५५ प्रतिशत रहेको छ । उत्तर दाताबाट यस क्याम्पसमा छात्राको तुलनामा छात्रको संख्या कम हुनुलाई ८२ प्रतिशतले रोजगारीलाई रोजेका छन् भने ७ प्रतिशतले प्राविधिक शिक्षाको खोजीलाई रोजेका छन् । त्यसैगरी ९६ प्रतिशत उत्तरदातामा क्याम्पसप्रतिको सकारात्मक दृष्टिकोण रहेको छ भने क्याम्पसको सुधारको लागि प्रदान गरिएको सुझावमा ४८ प्रतिशतले गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने मत राख्दा ३५ प्रतिशतले प्राविधिक शिक्षालाई रोजेका छन् भने १७ प्रतिशतले अन्य कुरामा सुधार हुनुपर्ने सुझाव दिएका छन् । त्यसैगरी यस क्याम्पसमा अध्ययनरत विद्यार्थीका अभिभावक मध्ये ६० प्रतिशतले साधारण, २७ प्रतिशतले १० कक्षा वा सो सरह, ८ प्रतिशतले कक्षा १२ वा सो सरह र ५ प्रतिशतले स्नातक वा सो भन्दा माथिको शिक्षा आर्जन गरेको स्पष्ट हुन्छ ।

### ५.२ सुझाव (Suggestion)

**विभिन्न तहका सरकार**

१, जनतालाई स्थानीय स्तरमा नै आत्म निर्भरता र रोजगारीका अवसरको सिर्जना गर्नुपर्ने ।

२, राज्यले योग्यता क्षमता अनुसारको रोजगारीका अवसर प्रदान गर्नुपर्ने ।

३, राज्यले उच्च शिक्षामा लगानी वृद्धि गर्नुपर्ने ।

४, राज्यले कृषि क्षेत्रमा प्रभावकारी ढंगबाट लगानी वृद्धि गनुपर्ने ।

**नागरीक समाज**

१, शिक्षा तथा चेतना अभिवृद्धि गनुपर्ने ।

२, समाजमा रहेका न्यून लैङ्गिक विभेदको अन्त्य हुनुपर्ने ।

**शैक्षिक संस्था**

१, गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने ।

२, प्राविधिक शिक्षा प्रदान गर्नुपर्ने ।

३, क्याम्पसले विद्यार्थी, अविभावक, समूदाय तथा सम्पूर्ण सरोकारवालाहरूसँग सुमधुर सम्बन्ध स्थापित गर्ने ।

४,क्याम्पसमा समय अनुकूलका सेवा आयोगका कक्षा, गोष्ठी तथा तालिम संचालन गनुपर्ने ।

## सन्दर्भ ग्रन्थ (Reference)

Admition record (2073-2076). Diktel Multiple Campus, Diktel, Khotang.

Admition record (2080-2081). Diktel Multiple Campus, Diktel, Khotang.

Naya Kadam (2076). Diktel Multiple Campus, Diktel, Khotang Public information, public relation and public committee.

Thapa, N. (2073). *Population Situation of Nepal*. Biddharthi Pustak Bhandar.

राई हिरा कुमार (२०७६), परिचयात्मक विवरण पुस्तिका, दिक्तेल बहुमुखी क्याम्पस

(Aarya, August 10, 2022), वैदेशिक रोजगार प्रतिवेदन,

https://nepaleconomicforum.org/opportunities-and-challenges-of- migration-for-Nepal/

https://www.ratopati.com

https://ne.wikipedia.org

https://www.onlinkhabar.com

https://censusnepal.cbs.gov.np

## प्रश्नावली

**खोटाङ जिल्ला दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं.- २ मा अवस्थित दिक्तेल बहुमुखी क्याम्पस, दिक्तेलमा छात्रको तुलनामा छात्राको संख्या बढी हुनुको कारण पहिचान सम्बन्धित अध्ययनको निम्ति तयार पारिएको प्रश्नावली २०८०**

**उत्तरदाताको नाम :-**

**ठेगाना :-**

**तह :-** **धर्म :-**

**वर्ष :-** **लिङ्ग :-**

**संकाय :-** **जातजाति :-**

---

**प्रश्नहरु**

१) तपाईंको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

(क) ३ जना (ख) ४ जना (ग) ५ जना (घ) ६ जना वा सो भन्दा बढी

(२) महिलाको संख्या कति छ ?

(क) १ जना (ख) २ जना (ग) ३ जना (घ) ४ जना वा सो भन्दा बढी

(३) पुरुषको संख्या कति छ ?

(क) १ जना (ख) २ जना (ग) ३ जना (घ) ४ जना वा सो भन्दा बढी

(४) तपाईंको परिवारको पेसा के हो ?

(क) कृषि (ख) व्यापार (ग) सरकारी जागिर (घ) अन्य

(५) तपाईंको परिवारमा कति जना सदस्य अध्ययनरत हुनुहुन्छ ?

(क) १ जना (ख) २ जना (ग) ३ जना (घ) ४ जना वा सो भन्दा बढी

(६) उच्च शिक्षामा अध्ययनरत कति जना हुनुहुन्छ ?

(क) १ जना (ख) २ जना (ग) ३ जना (घ) ४ जना वा सो भन्दा बढी

(७) यस क्याम्पसमा अध्ययनरत कति जना हुनुहुन्छ ?

(क) १ जना (ख) २ जना (ग) ३ जना (घ) ४ जना वा सो भन्दा बढी

(८) अध्ययनरत महिला कति जना हुनुहुन्छ ?

(क) १ जना (ख) २ जना (ग) ३ जना (घ) ४ जना वा सो भन्दा बढी

(९) अध्ययनरत पुरुष कति जना हुनुहुन्छ ?

(क) १ जना (ख) २ जना (ग) ३ जना (घ) ४ जना वा सो भन्दा बढी

(१०) तपाईंको परिवारमा अन्य क्याम्पसमा अध्ययनरत कोही हुनुहुन्छ ?

(क) छ (ख) छैन

(११) छ भने महिला वा पुरुष ?

(क) महिला (ख) पुरुष

(१२) तपाईंको परिवारमा विदेश अध्ययनको निम्ति जाने कोही हुनुहुन्छ ?

(क) छ (ख) छैन

(१३) छ भने महिला कि पुरुष ?

(क) महिला (ख) पुरुष

(१४) अध्ययनका निम्ति अन्यत्र जानुको कारण के हो ?

(क) शिक्षा (ख) स्वास्थ्य (ग) रोजगार (घ) अन्य

(१५) तपाइँ यस क्याम्पसमा अध्ययन गर्नुको कारण के हो ?

(क) इच्छा भएर (ख) परिवारको कारण (ग) आर्थिक कारण (घ) अन्य

(१६) तपाईंको विचारमा यस क्याम्पसमा छात्रको तुलनामा छात्राहरु बढी हुनुको कारण के होला ?

(क) लैंगिक विभेद (ख) पुरुषहरू वैदेशिक रोजगारतर्फ उन्मुख हुनु

(ग) प्राविधिक धारको शिक्षामा पुरुष बढी केन्द्रित हुनु (घ) अन्य

(१७) तपाईंको समाजमा दिक्तेल क्याम्पस प्रतिको दृष्टिकोण के छ ?

(क) सकारात्मक (ख) नकारात्मक (ग) अन्य

(१८) तपाइँ यस क्याम्पसको पढाइप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

(क) सन्तुष्ट छु (ख) असन्तुष्ट छु (ग) ठिकै (घ) अन्य

(१९) यस क्याम्पसमा पुरुषको संख्या महिलाको संख्याको अनुपातमा बराबर बनाउन के गर्नु पर्छ ?

(क) अध्ययनलाई प्रविधियुक्त बनाउने (ख) शैक्षिक गुणस्तर अधिवृद्धि गर्ने

(ग) यत्तिकै ठिक छ (घ) अन्य

(२०) घरमूलीको शैक्षिक योग्यता कति छ ?

(क) साधरण (ख) एस.एल.सी. वा सो सरह (ग) आई.ए. वा सो सरह (घ) बी. एड. भन्दा माथी

(२१) अन्तमा तपाइँको भन्नु केही छ ?

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

धन्यवाद !!!

**कार्यतालिका**

| क्र. स. | कार्य विवरण | समय (दिनमा) | लगत रकम | कैफियत |
|---|---|---|---|---|
| १. | शीर्षक छनोट तथा उद्देश्य निर्धारण | १ | २,००० | |
| २. | प्रश्नावली निर्माण | १ | २,००० | |
| ३. | सम्बन्धित साहित्यको अध्ययन तथा अभिलेखीकरण | ५ | १०,००० | |
| ४. | तथ्याङ्कको संकलन | ५ | १०,००० | |
| ५. | तथ्याङ्कको तालिकीकरण | २ | ४,००० | |
| ६. | तथ्याङ्कको व्याख्या विश्लेषण | २ | ४,००० | |
| ७. | प्रतिवेदन खेस्रा तयारी | ३ | ६,००० | |
| ८. | प्रतिवेदन टाइपिङ | ३ | ६,००० | |
| ९. | प्रतिवेदन छपाइ | ५० थान | २०,००० | |
| | जम्मा | | ६४,००० | |

तयार पार्ने
लिला बहादुर खत्री
सहायक प्राध्यापक